# निर्णय :

निर्णय नं. १.

देशका तिन प्रदेशका स्थानीय तहको सफलतापूर्वक सम्पन्न निर्वाचन अन्तंगत नै सम्पन्न भएको पोखरा लेखनाथ महानगरपालिकाको निर्वाचनमा उत्साहपूर्वक मतदान गरी जनप्रतिनिधि चयन गराउनु भएकोमा सम्पूर्ण पोखरा लेखनाथ महानगरवासी, मतदाता, निर्वाचन आयोग, पत्रकार, पर्यवेक्षक, सरकारी निकाय, संघ संस्था, सुरक्षानिकाय तथा अन्य सम्वद्ध सबैलाई विशेष धन्यवाद दिने निर्णय गर्नुका साथै निर्वाचित सम्पूर्ण जनप्रतिनिधिहरुमा सफल कार्यकालको शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं. २.

पोखरा लेखनाथ महानगरपालिकाका प्रमुख र उपप्रमुखले पदवहाली गर्दाको समयमा गरेका ३ वटा निर्णयहरु ७० वर्ष उमेर काटेका जेष्ठ नागरीकहरुलाई १० प्रतिशत सामाजिक सुरक्षा भत्ता महानगरपालिकाको आन्तरिक श्रोतबाट व्यवस्थापन गर्ने गरी बृद्धि गर्ने, महिला हिंसा सम्वन्धी मुद्दामा नि:शुल्क कानुनी परामर्श उपलब्ध गराउने, महिला सहयोग कक्ष महानगरकै कार्यकक्षमा स्थापना गरी सहजिकरण गर्ने तथा महानगरबाट प्रवाह हुने सेवालाई चुस्त दुरुस्त बनाउदै भष्ट्राचार जन्य क्रियाकलापलाई शुन्य बनाउन पहल गर्ने, निर्णयलाई समेत अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३.

महानगरपालिकाको परिषद्को मिति निर्धारण र त्यसका लागि आवश्यक समितिहरुको गठंन आगामी नगर कार्यपालिकाको बैठकबाट गर्ने निर्णय गरियो ।

निर्णय नं. ४.

महानगरपालिकाबाट संचालन हुने आयोजनाहरुको सम्झौता यही असार ८ गते सम्म गरिसक्नु पर्ने अन्यथा उक्त योजना रद्द गर्ने र फेवाताल, वेगनासताल, रुपाताल सहित ताल तलैयाको संरक्षण अन्तंगत जलकुम्भी झार व्यवस्थापनको लागि निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट निकाशा गरिएको रकममा नपुग हुने रकम ९०,१२,०००/- (नब्बे लाख बाह्र हजार) आन्तरीक श्रोतबाट व्यहोर्ने गरी जलकुम्भी झार व्यवस्थापनको लागि अत्याधुनिक औजार खरिद गर्ने कार्य अगाडी वढाउने निर्णय गरियो । साथै उक्त मेशिन खरिदका लागि पर्न आएका वोलपत्रहरु मुल्याकंन गर्ने कार्यमा सम्वन्धीत वडाका वडा अध्यक्षहरु लाई आमन्त्रण गर्ने निर्णय गरियो ।

निर्णय नं. ५.

महानगर भित्र रहेका सार्वजनिक प्रति तथा ऐलानी जग्गाको अभिलेख तयार पारी संरक्षण गर्ने साथै महानगरपालिकाको भवन निर्माणको लागि आवश्यक जग्गा खोजि गर्नको लागि तपसिल बमोजिमको समिति गठंन गर्ने निर्णय गरियो ।

तपसिल :

| | | |
|---|---|---|
| सयोंजक : | श्री तिर्थराज अधिकारी | वडा अध्यक्ष वडा नं. १७ |
| सदस्य : | श्री शारदा पराजुली | वडा अध्यक्ष वडा नं. १ |
| सदस्य : | श्री शंकर प्रसाद बाँस्तोला | वडा अध्यक्ष वडा नं. ४ |
| सदस्य सचिव : | ई. श्री शारदा मोहन काफ्ले | वरिष्ठ ईन्जिनियर महानगर कार्यपालिका कार्यालय |

नयाँ भवन आवश्यक भएका वडाहरुमा वडा अध्यक्षहरुले वडा कार्यालयका भवन निर्माणका लागि उपयूक्त जग्गा खोजि गर्ने निर्णय गरियो ।

निर्णय नं. ६.

मापदण्ड विपरितका (बस्ति विकास निर्देशिका विपरीत) निर्माण भएका संरचनाहरुको सम्वन्धमा महानगरपालिकाको कार्यालयबाट योजना बनाई लगत एवं तथ्याकं संकलन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७.

फोहरमैला व्यवस्थापनको लागि तत्कालको समस्या समाधानको लागि तोकिएको समयमा तोकिएको स्थानमा फोहरमैला संकलन गर्न अनिवार्य गाडी पठाउने निर्णय गरियो ।

निर्णय नं. ८.

महानगरपालिका भित्र संचालित विपद् व्यवस्थापनका लागि आवश्यक पर्ने सामाग्रिहरु संकलन गर्ने र विपद्को अवस्था आएमा सहज रुपमा उद्धार गर्ने निर्णय गरियो ।

निर्णय नं. ९.

हाल सम्मको पेश्की र वेरुजुका सम्वन्धमा सबै यकिन फेहरिस्त अध्ययन गरी आगामी बैठकमा यथार्थ अवस्था पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १०.

महानगर कार्यपालिकाको दोश्रो वार्ड बैठक आगामी असार ११ गते बिहान ११ :०० बजे महानगरपालिकाको सभाकक्षमा बस्ने निर्णय गरियो ।